# मदिरा नियमहरु, २०३३

नेपाल राजपत्रमा प्रकाशित मिति

२०३३।०२।१८

संशोधन

१. मदिरा (पहिलो) संशोधन नियमावली, २०६५ २०६५।०६।०३

२. मदिरा (दोस्रो) संशोधन नियमावली, २०७४ २०७४।०४।१०

३. मदिरा (तेस्रो) संशोधन नियमावली, २०८० २०८०।०२।१५

४. मदिरा (चौथो) संशोधन नियमहरू, २०८२ २०८२।०२।१५

५. मदिरा (पाँचौं) संशोधन नियमहरू, २०८३ २०८३।०२।१५

मदिरा ऐन, २०३१ को दफा १६ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरु बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** यी नियमहरुको नाम “मदिरा नियमहरु, २०३३” रहेको छ।

(२) यी नियमहरु तुरुन्त प्रारम्भ हुनेछन्।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यी नियमहरुमा,–

(क) “ऐन” भन्नाले मदिरा ऐन, २०३१ सम्झनु पर्छ।

*(ख) “अन्तःशुल्क अधिकृत” भन्नाले अन्तःशुल्क ऐन, २०५८ को दफा ५ बमोजिम नेपाल सरकारले तोकेको अधिकृत सम्झनु पर्छ।

३. **इजाजतपत्र लिनु पर्नेः** (१) मदिराको उत्पादन, बिक्री वितरण वा निकासी पैठारी गर्न चाहने व्यक्तिले अनुसूची-१ बमोजिमको ढाँचामा ♣अन्तःशुल्क अधिकृत समक्ष दरखास्त दिनु पर्नेछ।

---

* पहिलो संशोधनद्वारा संशोधित।

♣ तेस्रो संशोधनद्वारा संशोधित।

(२) उपनियम (१) बमोजिम पर्न आएको दरखास्तमा ♣अन्तःशुल्क अधिकृतले आवश्यक जांचबुझ गरी मनासिव देखेमा अनुसूची २ बमोजिमको इजाजतपत्र दिन सक्नेछ ।

✱४. **इजाजतपत्र दस्तुर र नवीकरण दस्तुरः** मदिराको उत्पादन, बिक्री वितरण वा निकासी पैठारी गर्न दिइने इजाजतपत्र बापत लाग्ने दस्तुर र इजाजतपत्र नवीकरण दस्तुर अन्तःशुल्क नियमावली, २०५९ बमोजिम हुनेछ।

५. ✄.................

✱६. **इजाजतपत्रको अवधि र नवीकरणः** (१) इजाजतपत्रको अवधि एक आर्थिक वर्षसम्म कायम रहनेछ।

(२) इजाजतपत्र नवीकरण गराउन चाहने इजाजतपत्रवालाले उपनियम (१) बमोजिमको अवधि समाप्त भएपछि नियम ४ बमोजिमको दस्तुर सहित अनुसूची-१ बमोजिमको ढाँचामा अन्तःशुल्क अधिकृत समक्ष दरखास्त दिई श्रावण महिनाभित्र नवीकरण गराउनु पर्नेछ।

तर कुनै इजाजतपत्रवालाले चाहेमा तीन आर्थिक वर्षका लागि एकैपटक नवीकरण दस्तुर दाखिला गरी नवीकरण गराउन सक्नेछ।

Σ(३) उपनियम (२) बमोजिमको अवधिभित्र इजाजतपत्र नवीकरण नगराउने उत्पादन र पैठारी गर्ने बाहेकका इजाजतपत्रवालाले इजाजतपत्रको अवधि नाघेको पहिलो तीन महिनाभित्र नवीकरण दस्तुरको पच्चिस प्रतिशत, त्यसपछिको तीन महिनाभित्र पचास प्रतिशत, त्यसपछिको तीन महिनाभित्र पचहत्तर प्रतिशत र त्यसपछि सो आर्थिक वर्षको बाँकी अवधि र इजाजतपत्रको प्रत्येक अवधिको लागि शत प्रतिशतको दरले जरिबाना बुझाई इजाजतपत्र नवीकरण गराउन सक्नेछ।

---

♣ तेस्रो संशोधनद्वारा संशोधित।

✱ पहिलो संशोधनद्वारा संशोधित।

✄ पहिलो संशोधनद्वारा खारेज।

Σ चौथो संशोधनद्वारा संशोधित।

Σ(४) उपनियम (२) बमोजिमको अवधिभित्र इजाजतपत्र नवीकरण नगराउने उत्पादन र पैठारी गर्ने इजाजतपत्रवालाले इजाजतपत्रको अवधि नाघेको पहिलो तीन महिनाभित्र नवीकरण दस्तुरको पचास प्रतिशत, त्यसपछिको तीन महिनाभित्र शत प्रतिशत र त्यसपछिको सो आर्थिक वर्षको बाँकी अवधि र इजाजतपत्रको प्रत्येक अवधिको लागि दुई सय प्रतिशतको दरले जरिबाना बुझाई इजाजतपत्र नवीकरण गराउन सक्नेछ।

ϒ(४क) β...

(५) कुनै व्यक्तिले उपनियम (१) बमोजिमको इजाजतपत्र नलिई कारोवार गरेमा इजाजतपत्र वापत र सोको नवीकरण वापत लाग्ने दस्तुर असूल उपर गरी प्रचलित कानून बमोजिमको जरिवाना समेत बुझाउनु पर्नेछ।

✱७. **<u>इजाजतपत्र लिनु नपर्ने</u>:** नियम ३ मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा इजाजतपत्र लिनु पर्ने छैनः-

(क) कुटनैतिक सुविधा वा महसुल सुविधा प्राप्त व्यक्तिले विदेशी मदिरा पैठारी गर्न,

(ख) कुनै विदेशी वा स्वदेशी यात्रुले विदेश भ्रमणबाट आफ्नो साथमा ⊛<u>अर्थ मन्त्रालयले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेबमोजिमको परिमाणको मदिरा लिई आउन</u>,

ω(ग) नमूना परीक्षण, अध्ययन अनुसन्धान वा प्रविधि हस्तान्तरणको प्रयोजनका लागि विभागले तोकेको परिमाणसम्म निकासी, पैठारी वा उत्पादन गर्न,

(घ) कुनै व्यक्तिले निजी उपयोगका लागि एकपटकमा पाँच लिटरसम्म रक्सी र दश लिटरसम्म जाँड बनाउन,

तर,

---

Σ चौथो संशोधनद्वारा संशोधित।

ϒ तेस्रो संशोधनद्वारा थप।

β चौथो संशोधनद्वारा झिकिएको।

✱ पहिलो संशोधनद्वारा संशोधित।

⊛ दोस्रो संशोधनद्वारा संशोधित।

ω पाँचौं संशोधनद्वारा संशोधित।

(१) यसरी रक्सी र जाँड वर्षको ६ पटक भन्दा बढी बनाउन पाइने छैन।

(२) यसरी रक्सी र जाँड बनाउने व्यक्तिले त्यसको सूचना अन्तःशुल्क अधिकृतलाई दिनु पर्नेछ।

८. ✄.................

९. ✄.................

१०. **<u>मदिरा बिक्री वितरण गर्ने समयः</u>** इजाजतपत्र प्राप्त व्यक्तिले विहान १० बजेदेखि राती १० बजेसम्म मात्र मदिरा बिक्री वितरण गर्न पाउनेछ ।

तर, नेपाल सरकारले आवश्यक सम्झे बमोजिमको ठाउँको लागि सो समयमा हेरफेर गर्न वा सो बन्देजलाई हटाउन सक्नेछ।

११. **<u>मदिरा बिक्री गर्न नहुनेः</u>** अन्तःशुल्क अधिकारीले मनाही गरेको स्थान वा पसलमा मदिराको बिक्री वितरण गर्न पाउने छैन।

नेपाल कानून आयोग

---

✄ पहिलो संशोधनद्वारा खारेज।

द्रष्टव्यः (क) केहि नेपाल कानून संशोधन गर्ने ऐन, २०६३ द्वारा रुपान्तरण भएका शब्दहरू "श्री ५को सरकार" को सट्टा "नेपाल सरकार"।

(ख) पहिलो संशोधनद्वारा रुपान्तरण भएका शब्दहरू "अनुमतिपत्र" र "अन्त शुल्क अधिकारी" भन्ने शब्दहरूको सट्टा क्रमशः "इजाजतपत्र" र "अन्तःशुल्क अधिकारी"।

## ✱अनुसूची-१

**(नियम ३ को उपनियम (१) र नियम ६ को उपनियम (२) सँग सम्वन्धित)**

**इजाजतपत्र तथा नवीकरणका लागि दिइने दरखास्तको ढाँचा**

| रु. ५ को टिकट |
|---|

श्रीमान प्रमुखज्यू,

आन्तरिक राजस्व कार्यालय/को.ले.नि.का., ............. ।

मैले/हामीले मदिराको देहायमा उल्लिखित कार्य गर्नका लागि देहायका कागजात, विवरण र इजाजतपत्र दस्तुर संलग्न राखी इजाजतपत्र पाउन/नवीकरणको लागि यो निवेदन पेश गरेकोछु/गरेकाछौं। उल्लिखित विवरण र तथ्य मैले/ हामीले जानेबुझेसम्म ठीक छन्।

(१) इजाजतपत्रको प्रकारः (आफूले लिनुपर्ने इजाजतपत्रको प्रकारमा √ (ठीक) लगाउनु होस)

| इजाजतपत्र प्रकार | उत्पादन | पैठारी | बिक्री | संचय | अन्य |
|---|---|---|---|---|---|
| नयाँ | | | | | |
| नवीकरण | | | | | |
| कारोवारको नाम | | | | | |

(२) व्यक्ति/प्रतिष्ठानको नामः

| | | | | | | |
|---|---|---|---|---|---|---|
| नेपाली | | | | | | |
| अंग्रेजी | | | | | | |
| व्यक्ति भए निजकोः | पति/पत्नीको नामः | | बाबुको नामः | | बाजे / ससुराको नामः | |

✱ पहिलो संशोधनद्वारा संशोधित।

(३) दर्ता विवरणः

| स्थायी लेखा नम्बर | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|

कार्यालयको नामः

| व्यवसाय दर्ता मिति | कार्यालय र स्थान | दर्ता नं. |
|---|---|---|
| | | |

| कारोवार शुरु भएको मिति | नवीकरण हुनुपर्ने आ.व. |
|---|---|
| २० / / | २० / / |

(४) मुख्य कार्यालयको ठेगानाः

| | स्थानः | पत्राचार गर्ने ठेगानाः | |
|---|---|---|---|
| घर नं.(ब्लक नं.) | | | |
| वडा नं. | | | |
| टोल | | | |
| ☐ म. ☐ उ.म.न.पा. ☐ न.पा. ☐ गा.वि.स. | | | |
| जिल्ला | | | |
| क्षेत्र | | | |
| टेलिफोन नं. | | पो.व.नं. | |
| फ्याक्स नं. | | इमेल | |

नेपाल कानून आयोग

(५) कारोवारको मुख्य स्थानः

(मुख्य कार्यालय भन्दा फरक भएमा मात्र)

<table>
<tr><th colspan="5">/</th><th>स्थानः</th><th colspan="3">पत्राचार गर्ने ठेगानाः</th></tr>
<tr><td colspan="5">घर नं.(ब्लक नं.)</td><td></td><td colspan="3"></td></tr>
<tr><td colspan="5">वडा नं.</td><td></td><td colspan="3"></td></tr>
<tr><td colspan="5">टोल</td><td></td><td colspan="3"></td></tr>
<tr><td colspan="5">☐ म. ☐ उ.म.न.पा. ☐ न.पा. ☐ गा.वि.स.</td><td></td><td colspan="3"></td></tr>
<tr><td colspan="5">जिल्ला</td><td></td><td colspan="3"></td></tr>
<tr><td colspan="5">क्षेत्र</td><td></td><td colspan="3"></td></tr>
<tr><td colspan="5">टेलिफोन नं.</td><td></td><td colspan="3">पो.व.नं.</td></tr>
<tr><td colspan="5">फ्याक्स नं.</td><td></td><td>इमेल</td><td colspan="2"></td></tr>
<tr><td>चार किल्ला</td><td>पूर्व</td><td></td><td>पश्चिम</td><td></td><td>उत्तर</td><td></td><td>दक्षिण</td><td></td></tr>
</table>

(६) इजाजतपत्र दस्तुर/नवीकरण दस्तुर सम्बन्धी विवरणः-

| क.सं. | कारोवारको नाम/इजाजतपत्र प्रकार | दाखिला दस्तुर | जरिवाना | बैङ्क/कार्यालय | भौ.नं./र.नं. |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |

नेपाल कानून आयोग

- कार्यालयमा दाखिला गरेको भए सोको प.सं................मिति २० / /
- कुनै राजस्व बाँकी छ/छैन । छ भने ? आयकर

  मू.अ.करः

  अन्तःशुल्कः

  अन्यः

(७) प्रवन्ध निर्देशक/प्रमुख सञ्चालक/कार्यकारी निर्देशककोः

(क) नाम पहिलो बीचको थर

| | | | |
|---|---|---|---|
| नेपाली | | | |
| अंग्रेजी | | | |

(ख) नियुक्ति मिति

| | | |
|---|---|---|
| | | |

(ग) राष्ट्रियता

(घ) परिचय गराउने अन्य कागजात

| कागजातको प्रकार | परिचयपत्र नं. | जारी गर्ने कार्यालय र स्थान | जारी गरेको मिति |
|---|---|---|---|
| | | | |

(ङ) ठेगानाः

स्थानः पत्राचार गर्ने ठेगानाः

| | | |
|---|---|---|
| घर नं.(ब्लक नं.) | | |

नेपाल कानून आयोग

| | | |
|---|---|---|
| वडा नं. | | |
| टोल | | |
| ☐ म. ☐ उ.म.न.पा. ☐ न.पा. ☐ गा.वि.स. | | |
| जिल्ला | | |
| क्षेत्र | | |
| टेलिफोन नं. | | पो.व.नं. |
| फ्याक्स नं. | | इमेल |

निवेदकको,–

दस्तखतः

नामः

पदः

संस्थाको छापः

(८) कार्यालय प्रयोजनको लागिः

| | | |
|---|---|---|
| ................................इजाजतपत्र | | आ.व............................का लागि स्वीकृत भएको छ । |
| ................................इजाजतपत्र | | आ.व...........................का लागि नवीकरण भएको छ । |
| ..............इजाजतपत्रका लागि भौ.नं............र.नं........... बाट रु...........दस्तुर र रु............. थप दस्तुर (जरिवाना) दाखिला भएको छ । | | |
| पेश गर्नेः | सिफारिस गर्नेः | सदर गर्नेः |
| मिति | | |

## *अनुसूची–२

**(नियम ४ संग सम्बन्धित)**

नेपाल सरकार

अर्थ मन्त्रालय

आन्तरिक राजस्व विभाग

| फोटो |
|---|

**<u>इजाजतपत्र</u>**

| संकेत नं. | | | | स्थायी लेखा नं. | | | | | | | | | | इजाजत नं. | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | | | | | | | | | | | | |

आन्तरिक राजस्व कार्यालयः

मदिरा उत्पादन/खरिद/बिक्री/निकासी/पैठारी/सञ्चय गर्न वा अन्तःशुल्क लाग्ने सेवा प्रदान गर्न देहायका शर्त पालना गर्ने गरी यो इजाजतपत्र दिइएको छ। मदिरा ऐन, २०३१ तथा मदिरा नियमावली, २०३३ मा उल्लेखित शर्त समेत पालना गर्नु पर्नेछ।

इजाजतपत्र पाउने प्रतिष्ठानको

| | | |
|---|---|---|
| नामः | | |
| ठेगानाः | | |
| सञ्चालकको नामः | | |
| सञ्चालकको स्थायी ठेगानाः | | |
| कारोवारको विवरणः | | स्वदेशी/विदेशी |

---

* पहिलो संशोधनद्वारा संशोधित।

नेपाल कानून आयोग

कारोबारको किसिमः

उत्पादक/वितरक/थोक विक्रेता/खुद्रा विक्रेता

निकासी/पैठारी/रेष्टूरेण्ट/डिपार्टमेण्टल स्टोर/ होटल

इजाजतपत्र पाउनेको

दस्तखतः -------------

इजाजतपत्र जारी गर्ने अधिकारीको

दस्तखतः ---------------

नामः -------------------

दर्जाः -----------------

.................................................................

कृपया अन्य जानकारीको लागि पछाडि हेर्नु होला।

(क) इजाजतपत्रवालाले पालना गर्नु पर्ने शर्तहरु

१. इजाजतपत्र प्रत्येक आर्थिक वर्षको असार महिना भित्र नवीकरण गराईसक्नु पर्नेछ।

२. इजाजतपत्र सबैले देख्ने गरी कारोवार स्थलमा राख्नु पर्नेछ।

३. डिपार्टमेण्टल स्टोरले मदिराजन्य पदार्थ बिक्री गर्ने प्रयोजनको लागि अलग्गै बिक्री कक्षको व्यवस्था गर्नु पर्नेछ।

४. प्रत्येक वोतलमा विर्को र बोतलमा पर्ने गरी अन्तःशुल्क टिकट टाँसी निकासी गर्नु पर्नेछ।

५. विहान १०:०० बजेदेखि राती १०:०० बजेसम्ममात्र मदिरा बिक्री वितरण गर्नु पर्नेछ।

६. अठार वर्ष उमेर नपुगेको व्यक्तिलाई मदिरा बिक्री वितरण गर्न पाईने छैन।

७. मदिरा खरिद बिक्री गर्नेले मदिरा खरिद बिक्री गरेको विजक राख्नु पर्नेछ।

८. इजाजतपत्रवालाले प्रत्येक वोतलमा अन्तःशुल्क टिकट टाँसेको मदिरा मात्र बिक्री गर्नु पर्नेछ। अन्तःशुल्क टिकट नरहेको सामान खरीद बिक्रीको लागि राखेको पाइएमा त्यस्तो वस्तु जफत गरी बिक्रेतालाई कानून बमोजिम दण्ड जरीवाना हुनेछ।

९. अन्तःशुल्क ऐन, २०५८ तथा मदिरा ऐन, २०३१ र सो अन्तर्गत बनेका नियम तथा निर्देशिकामा उल्लेखित प्रावधानहरुको पालना गर्नु पर्नेछ।

(ख) वण्डेड वेयर हाउस र करमुक्त पसलले पालना गर्नु पर्ने शर्तहरुः

१. कुटनैतिक सुविधाप्राप्त व्यक्ति, संस्था वा नियोगलाई वण्डेड वयर हाउसबाट नै बिक्री गर्नु पर्नेछ।

२. करमुक्त पसलले बैङ्क ग्यारेन्टीको सुविधामा आयात गरेको मालसामानको विवरण मासिक विवरण सँगै बुझाउनु पर्नेछ।

३. वण्डेड वयर हाउसमा भन्सार विन्दुबाट भित्र्याउँदा र बिक्रीका लागि गोदामबाट बाहिर निकाल्दा खटिएको अन्तःशुल्क कर्मचारीको रोहवरमा मात्र भित्र्याउने र निकाल्ने गर्नु पर्नेछ।

४. आगमन तथा प्रस्थान दुवैतर्फ बिक्री गर्दा हरेक व्यक्तिको छुट्टाछुट्टै बिजक बनाउनु पर्ने र सोमा पासपोर्ट नम्बर, राष्ट्रियता तथा फ्लाइट नम्बर उल्लेख गर्नु पर्नेछ।

नवीकरण सम्बन्धी विवरण

| नवीकरण गरेको मिति | आर्थिक वर्ष | नवीकरण गर्ने अधिकृतको दस्तखत | कैफियत |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |

नेपाल कानून आयोग